जलस्रोत तथा सिंचाइ विभागको
महाशाखा/शाखाहरूको कार्यविवरण

महाशाखा/शाखा	कार्य विवरण
१. योजना तथा समन्वय महाशाखा	१. जलस्रोत, सिँचाइ, जल उत्पन्न प्रकोप तथा जलाधार व्यवस्थापन क्षेत्रको विकास तथा व्यवस्थापनको लागि आवश्यकता अनुसार उपयुक्त नीति, रणनीति, गुरुयोजना, नियम, ऐन र कानून तर्जुमा गर्ने गराउने कार्यमा आवश्यक सहयोग पुर्याउने। २. विभाग अर्न्तगत सञ्चालन हुने राष्ट्रिय महत्वका तथा पहिचान भएका सिँचाइ, जल उत्पन्न प्रकोप तथा जलाधार व्यवस्थापन आयोजनाहरूको पूर्व सम्भाव्यता अध्ययन, सम्भाव्यता अध्ययन तथा विस्तृत अध्ययन गर्ने गराउने र स्वीकृतिको लागि आवश्यक कार्य गर्ने। साथै यस सम्बन्धी खरिद सम्बन्धी कार्यहरू गर्ने। ३. जलस्रोत, सिँचाइ, जल उत्पन्न प्रकोप तथा जलाधार व्यवस्थापन पहिरो व्यवस्थापन आयोजनाहरूको विस्तृत अध्ययन प्रतिवेदन, डिजाइन, लागत अनुमान सम्बन्धी कार्यहरू गर्ने। ४. वैदेशिक सहायता उपलब्ध गराउन तथा बैदेशिक सहायतामा सञ्चालन हुने आयोजनाको समन्वय गर्ने। ५. जलस्रोत सम्बन्धित आयोजना/कार्यक्रमहरूको भौतिक, आर्थिक, सामाजिक एवं वातावरणीय अनुगमन तथा मूल्याङ्कनको प्रकृया एवं कार्यविधिहरूको विकास गर्ने। ६. सम्बन्धित सबै महाशाखाहरूसँग समन्वय गरी प्राप्त वजेट सीमा तथा मार्ग निर्देशन अनुरूप कार्यक्रमहरू तयार गरी निर्णयार्थ पेश गर्ने। नियमित प्रगति विवरण तयार गर्ने, मथिल्लो निकायहरूमा प्रेषित गर्ने तथा प्रगति समीक्षा बैठकको व्यवस्था गर्ने। ७. विभागबाट सञ्चालन हुने आयोजनाहरू तथा कार्यक्रमहरूको सञ्चालनबाट वातावरणमा पर्न सक्ने प्रभावहरूको न्यूनिकरणका उपायहरूको अध्ययन मूल्याङ्कन गर्ने तथा पेश हुन आएका प्रारम्भिक वातावरण परीक्षण तथा वातावरण प्रभाव मूल्याङ्कन प्रतिवेदनहरूको चेक जाँच गर्न लगाइ आवश्यक सुझावसहित स्वीकृतिका लागि सिफारिस गर्ने।

रुद्रसिंह तामाङ
सहसचिव

सरिता दवाडी
सचिव

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय

	८. विभिन्न निकाय, अन्तर प्रदेश, सङ्घ र प्रदेश बीच जलस्रोत तथा सिँचाइ क्षेत्रको विकास एवं व्यवस्थापनको लागि आवश्यक समन्वय गर्ने। ९. द्विदेशीय समिति तथा अन्तर प्रदेश समितिहरूको बैठक सञ्चालन गर्न तथा निर्णय कार्यन्वयन गर्न आवश्यक समन्वय गर्ने। १०. अन्तर जलाधार जल स्थान्तरण, बहुउद्देश्यीय एवं ठूला सिँचाइ (लिफ्ट सिँचाइ समेत), साना तथा मझौला जलाशययुक्त आयोजना, जलस्रोत संरक्षणहरूको विकासको निमित्त आवश्यक नीति नियमको मस्यौदा तर्जुमा गरी महानिर्देशक समक्ष पेश गर्ने । ११. अध्ययनको क्रममा रहेका अन्तर जलाधार जल स्थान्तरण, बहुउद्देश्यीय एवं ठूला सिँचाइ (लिफ्ट सिँचाइ समेत), साना तथा मझौला जलाशययुक्त आयोजना, जलस्रोत संरक्षणहरूको लागि आवश्यक राय सुझाव दिने साथै ती आयोजनाहरूसँग समन्वय गर्ने। १२. अन्तरजलाधार जल स्थानान्तरण, बहुउद्देश्यीय एवं ठूला सिँचाइ, साना तथा मझौला जलाशययुक्त आयोजना, जलस्रोत संरक्षणहरूको अनुगमन तथा सुपरिवेक्षण, रेखदेख गर्ने, आवश्यक निर्देशन दिने, गुणस्तर नियन्त्रण गर्ने गराउने । १३. अन्तरजलाधार जल स्थानान्तरण, बहुउद्देश्यिय एवं ठूला सिँचाइ आयोजना, साना तथा मझौला जलाशययुक्त आयोजना, जलस्रोत संरक्षण आयोजनाहरूको विस्तृत अध्ययन प्रतिवेदन, डिजाइन, नक्सा, लागत अनुमान सम्बन्धी कार्यहरू गर्ने । १४. अन्तरजलाधार जल स्थानान्तरण, बहुउद्देश्यीय एवं ठूला सिँचाइ, साना तथा मझौला जलाशययुक्त आयोजनाहरूमा हुने परामर्श सेवा तथा निर्माण कार्यको खरिद, म्याद थप, भेरिएशन सम्बन्धित कार्यहरू गर्ने । १५. विभाग र मातहतका निकायबाट हुने सार्वजनिक खरिदको लागि आवश्यक पर्ने स्टैण्डर्डस् डकुमेन्टहरू तयार गर्ने, गराउने एवं खरिद तथा सम्झौता व्यवस्थापन कार्यमा आवश्यक सहयोग तथा समन्वय गर्ने ।

रुद्रसिंह तामाङ
सहसचिव

सरिता दवाडी
सचिव

	१६. सार्वजनिक खरिद अनुगमन कार्यालयको निर्देशनहरूको पालना, स्टैण्डर्डस् डकुमेन्ट प्रयोग गर्ने व्यवस्था गर्ने तथा अन्य समन्वय गर्ने । १७. महाशाखा अन्तर्गतको साथै अन्तरजलाधार जल स्थानान्तरण, बहुउद्देश्यीय एवं ठूला सिंचाइ, साना तथा मझौला जलाशययुक्त आयोजनाहरूसँग समन्वय गरी सूचना, प्रगति विवरण तथा अनुगमन गरी प्रगती प्रतिवेदन तयार गर्ने । १८. सिंचाइ तथा जलस्रोत आयोजनाहरूको आयोजना कार्यान्वयन सम्बन्धमा सहजीकरण गर्ने १९. बाँध विकास, बाँध डिजाइन, बाँध सुरक्षा सम्बन्धमा नीति, नियम, डिजाइन स्टयाण्डर्ड, म्यानुअल निर्माण तथा क्षमता बिकासका कार्यहरू गर्ने । २०. महाशाखा अन्तर्गतका शाखाहरू बीच समन्वय गर्ने/गराउने।
१.१ योजना तथा अनुगमन शाखा	१. सिंचाइ, जल उत्पन्न प्रकोप तथा जलाधार व्यवस्थापन आयोजना सम्बन्धी आवश्यक नीति, नियमावली तर्जुमा सम्बन्धित कार्य गर्ने । २. विभाग अन्तर्गत सञ्चालित आयोजनाहरूको योजना तर्जुमा गर्दा आन्तरिक तथा बाह्य निकायसँग समन्वय गरी योजना प्रस्ताव तयार गर्ने र स्वीकृतिको लागि आवश्यक कार्य गर्ने । ३. सम्बन्धित सबै महाशाखाहरूसँग समन्वय गरी सम्पूर्ण आयोजनाहरू एवं कार्यक्रमहरूको वार्षिक कार्यक्रम तयार गरी /गराई स्वीकृतिको लागि पेश गर्ने । ४. मासिक, त्रैमासिक, वार्षिक एवं अन्य प्रगति सङ्कलन गरी एकीकृत रुपमा समायोजन गरी सम्बन्धित मन्त्रालयहरूमा पठाउने प्रयोजनको लागि उपमहानिर्देशक समक्ष पेश गर्ने तथा प्रगति समीक्षा बैठकको व्यवस्था गर्ने । ५. विभाग अन्तर्गत सञ्चालित आयोजना तथा कार्यक्रमहरूको लागि अनुगमन तथा मूल्याङ्कनको उपयुक्त फरम्याटहरूको डिजाइन गर्ने, अर्थपूर्ण सूचकहरूको पहिचान गर्ने, अनुगमन तथा मूल्याङ्कन प्रक्रिया एवं कार्यविधिहरूको विकास गर्ने । ६. आवश्यकता अनुसार अनुगमन मूल्याङ्कनको सन्दर्भमा स्थलगत निरीक्षण गर्ने/गराउने र पहिचान गरिएका समस्या र तिनको

रुद्रसिंह तामाङ
सहसचिव

सरिता दवाडी
सचिव

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
२०७४

	समाधानको लागि सम्बन्धित महाशाखासँग समन्वय गरी कारवाहीको लागि पेश गर्ने । ७. निर्माण कार्यहरूको गुणस्तर कायम गर्ने सम्बन्धमा निरीक्षण, स्थलगत भ्रमण, अनुगमन र सो सम्बन्धित कार्यहरू सम्बन्धित अन्य महाशाखाहरूसँग समन्वय गरी गर्ने । ८. सिँचाइ तथा जलाधार व्यवस्थापनका उपयुक्त आयोजनाहरू (आर्थिक, सामाजिक तथा वातावरणीय दृष्टिले) को पहिचान गरी Project Bank तयार गर्ने । ९. आवश्यकता अनुसार अन्य तोकिएका कार्यहरू गर्ने।
१.२ अध्ययन, डिजाइन तथा नवप्रवर्तन शाखा	१. विभाग अन्तर्गत सञ्चालन हुने वा हुनसक्ने राष्ट्रिय महत्वका पहिचान गरिएका ठूला तथा बहुउद्देश्यीय सिँचाइ, जलउत्पन्न प्रकोप, जलाधार व्यवस्थापन तथा जलस्रोत संरक्षण आयोजनाहरूको पूर्व सम्भाव्यता अध्ययन तथा सम्भाव्यता अध्ययन गर्ने/गराउने तथा अध्ययन भएका आयोजनाहरूको लगत राख्ने, अद्यावधिक गर्ने। २. सम्भावित नयाँ आयोजनाहरूको प्राथमिकरणसहितको सूची तयार गर्ने तथा आयोजना कार्यान्वयनको लागि प्रस्तावहरू तयार गर्न आवश्यक सहयोग गर्ने। ३. विभाग अन्तर्गत सञ्चालन हुने आयोजनाहरूको डिजाइन, नक्साङ्कन तथा लागत अनुमान चेक जाँच तथा स्वीकृति सम्बन्धी कार्य गर्ने। ४. अन्य महाशाखाहरूबाट प्राप्त सुझावको आधारमा विभाग अर्न्तगतका आयोजनाको योजना तर्जुमा, सम्भाव्यता अध्ययन, डिजाइन, निर्माण तथा सञ्चालन व्यवस्थापन सम्बन्धित स्टैण्डर्डस् नर्मस्, कोड्स, क्राइटेरिया, म्यानुयल (Standards, Norms, Codes, Criteria, Manual) आदि तयार गरी, स्वीकृत गराई, कार्यान्वयन गर्ने गराउने र अद्यावधिक गर्दै जाने।
१.३ विकास सहायता तथा प्रादेशिक समन्वय शाखा	१. विभाग अन्तर्गत सञ्चालन हुने वा भइरहेका आयोजना तथा कार्यक्रमहरूमा वैदेशिक सहायता उपलब्ध गराउन तथा वैदेशिक लगानी प्रवर्द्धन गर्न दीर्घकालीन तथा अल्पकालीन आवश्यक योजना तर्जुमा गर्ने। दातृ संस्थाहरू र सम्बन्धित निकायहरूसँग सहकार्य एवं समन्वय गर्ने गराउने। २. जलस्रोत, सिँचाइ विकास तथा जल उत्पन्न प्रकोप व्यवस्थापन विकासको लागि आवश्यक जनशक्ति विकासको योजना र

रुद्रसिंह तामाङ
सहसचिव

सरिता दवाडी
सचिव

	कार्यक्रमहरू तर्जुमा, वैदेशिक तालिम तथा छात्रवृत्तिको व्यवस्था सम्बन्धित आवश्यक मापदण्ड तयार गर्न सहयोग गर्ने। ३. विभागसँग सम्बन्धित जलस्रोत विषयमा भएका द्विपक्षीय वा बहुपक्षीय सन्धि, सम्झौता, सहमति तथा निर्णयहरूको अभिलेखन गर्ने तथा कार्यान्वयनको लागि आवश्यक समन्वय तथा अनुगमन गर्ने। ४. विभागसँग सम्बन्धित जलस्रोत क्षेत्रको विकास तथा समन्वयको लागि गठन भएका विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय समितिहरूको नियमित बैठक सञ्चालन सम्बन्धी कार्य गर्ने। ५. सङ्घ—प्रदेश, प्रदेश—प्रदेश, सङ्घ—स्थानीय निकाय बीचमा विभागसँग सम्बन्धित जलस्रोत व्यवस्थापनको लागि हुने सम्झौता तथा समझदारीको कार्यान्वयनको अवस्थाको अनुगमन साथै आवश्यक समन्वय गर्ने। ६. आवश्यकता अनुसार अन्य तोकिएका कार्यहरू गर्ने।
१.४ सिँचाइ तथा बहुउद्देश्यीय शाखा	१. अन्तर जलाधार जलस्थानान्तरण तथा बहुउद्देश्यीय जलस्रोत आयोजनासम्बन्धित नीति, नियम र कार्यविधि तर्जुमा गर्ने। २. पानीको बाँडफाँट, उपयोग तथा सामाजिक—वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धित सिफारिस गर्ने। ३. आयोजनाको अध्ययन, तयारी, कार्यान्वयन, सुपरिवेक्षण, अनुगमन तथा गुणस्तर नियन्त्रण गर्ने। ४. आयोजना प्रतिवेदन, विस्तृत डिजाइन, नक्साङ्कन, लागत अनुमान तथा खरिदसम्बन्धित कागजातहरूको प्राविधिक परीक्षण गर्ने। ५. सिँचाइ तथा बहुउद्देश्यीय संरचनाको डिजाइन र निर्माणका लागि मापदण्ड, नर्म्स तथा म्यानुअल विकासमा सुझाव दिने। ६. आयोजना सम्बन्धित प्रगति प्रतिवेदन, अभिलेख तथा तथ्याङ्क व्यवस्थापन गर्ने। ७. विभाग तथा माथिल्लो निकायबाट तोकिएका अन्य कार्यहरू सम्पादन गर्ने।
१.५ खरिद तथा सम्झौता व्यवस्थापन शाखा	१. विभाग र मातहतका निकायबाट हुने सार्वजनिक खरिद सम्बन्धित प्रक्रियालाई आवश्यक सहयोग तथा सहजीकरण गर्ने। २. सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावलीको प्रावधान अन्तर्गत सार्वजनिक खरिदको स्तर निर्धारण गर्ने, मापदण्ड तोक्ने र निश्चित आधारहरू तयार गर्ने।

रुद्रसिंह तामाङ
सहसचिव

सरिता दवाडी
सचिव

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
नेपाल सरकार
२०७४

	३. सार्वजनिक खरिद ऐनमा तोकिएका विभाग अन्तर्गतको खरिद इकाई वा खरिद शाखाको कार्य गर्ने। ४. विभाग र मातहत निकायबाट हुने सार्वजनिक खरिद कार्यको अनुगमन गर्ने। अनुगमन प्रतिवेदन महाशाखा प्रमुख समक्ष पेश गर्ने। ५. सार्वजनिक खरिद सम्बन्धित क्षमता अभिवृद्धि तथा तालिम कार्यक्रम सञ्चालन गर्ने। ६. सार्वजनिक खरिद अनुगमन कार्यालयको निर्देशनहरूको कार्यान्वयन गर्ने तथा सार्वजनिक खरिद सम्बन्धित सुझाव तथा सल्लाह मातहतका निकायहरूलाई उपलब्ध गराउने। ७. मालसामान, मेशिन औजार तथा उपकरण खरिद एवं निर्माण कार्यको निमित्त अन्य महाशाखाहरू तथा दातृ संस्थाहरूसँग समेत समन्वय राखी स्थानीय तथा अन्तर्राष्ट्रिय प्रतिस्पर्धाको लागि छुट्टाछुट्टै बोलपत्र कागजात सार्वजनिक खरिद अनुगमन कार्यालयबाट जारी नमुना बोलपत्र अनुरूप हुने गरी तयार गर्न अन्तर्गतका निकायलाई सहजीकरण गर्ने। ८. खरिद कार्यहरूको स्टैण्डर्डस् नर्मस्, कोड्स, क्राइटेरिया, म्यानुयल (Standards, Norms, Codes, Criteria, Manual) र खरिद कागजात आदि तयार गरी, स्वीकृत गराई, कार्यान्वयन गर्ने गराउने र अद्यावधिक गर्दै जाने। ९. विभाग अन्तर्गतका आयोजना तथा निकायहरूबाट पेश भएका खरिद सम्बन्धी कार्यहरूमा सम्बन्धित समिति मार्फत आवश्यकता अनुसार राय सुझाव दिने, चेक जाँच गर्ने तथा स्विकृतीको लागि सिफारिस गर्ने। १०. आवश्यकता अनुसार अन्य तोकिएका कार्यहरू गर्ने।
२. नदी तथा जलउत्पन्न विपद व्यवस्थापन महाशाखा	१. जल उत्पन्न विपद व्यवस्थापन, जलाधार व्यस्थापन तथा आपतकालिन व्यस्थापन सम्बन्धित नीति निर्माण, निर्देशिका, कानून, नियमावली तर्जुमा गरी महानिर्देशक समक्ष पेश गर्ने। २. अध्ययनको क्रममा रहेका विभाग अन्तर्गत सञ्चालन हुने जल उत्पन्न विपद व्यवस्थापन तथा जलाधार व्यवस्थापन आयोजनाहरूको पहिचान गर्ने तथा थप अध्ययनको लागि आवश्यक राय सुझाव दिने।

रुद्रसिंह तामाङ
सहसचिव

सरिता दवाडी
सचिव

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
नेपाल सरकार
२०७४

	३. विभाग अन्तर्गत सञ्चालित जल उत्पन्न विपद व्यवस्थापन तथा जलाधार व्यवस्थापन आयोजनाहरूको कार्य सम्पादन व्यवस्थापन सम्बन्धित कार्यहरू गर्ने। आयोजनाहरूको अनुगमन तथा सुपरिवेक्षण, रेखदेख गर्ने, आवश्यक निर्देशन दिने, गुणस्तर नियन्त्रण गर्ने/गराउने तथा अनुगमन प्रतिवेदन तयार गर्ने। ४. जल उत्पन्न विपद व्यवस्थापन तथा जलाधार व्यवस्थापन कार्यहरूका लागि सस्तो एवं उपयुक्त प्रविधिहरूको विकास गर्ने, सोको प्रचारप्रसार गर्ने तथा मातहतका आयोजनाहरूमा उक्त प्रविधिहरूको कार्यान्वयन गर्न लगाउने। ५. जल उत्पन्न विपद सम्बन्धित सूचना सङ्कलन तथा भण्डारणसहित जन समुदायलाई सूचित गर्ने, जन चेतना अभिवृद्धिका विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने तथा आपतकालीन व्यवस्थापनका लागि कार्यक्रमहरू सञ्चालन गर्ने। ६. यस महाशाखा अन्तर्गतको सूचना तथा प्रगति विवरण समयमै योजना तथा समन्वय महाशाखालाई उपलब्ध गराउने। ७. विपद व्यवस्थापनमा वैदेशिक सहयोगको लागि प्रादेशिक तथा वैदेशिक समन्वयका लागि योजना तथा समन्वय महाशाखा सित समन्वय गर्ने। ८. आपतकालिन व्यवस्थापनको लागि कार्यान्वयन कार्यविधि तयार गर्ने, आवश्यक पूर्व तयारी गर्ने तथा यससँग सम्बन्धित अन्य निकायहरूसँग समन्वय गर्ने। ९. जल तथा मौसम विज्ञान विभागसँग आवश्यक समन्वय गरी विपद व्यवस्थापनसँग सम्बन्धित पूर्व तयारी र सूचना व्यवस्थापन एवं सम्प्रेषणको व्यवस्था मिलाउने। १०. नेपाल भरत सिमामा हुने डुबान सम्बन्धित समस्याहरूको अध्ययन तथा समाधानको लागि कार्यहरू गर्ने साथै यस सम्बन्धी दुई देशीय समितिहरूमा समन्वय गरी कार्य गर्ने। ११. नेपालका नदीहरूको संरक्षण, सम्बर्धन, बहावक्षेत्र व्यवस्थापन, राइट अफ वे व्यवस्थापन, नदी जोखिम नक्सांकन, गेग्रान व्यवस्थापन योजना जस्ता कार्यहरूको साथै नियमन सम्बन्धित कार्यहरू गर्ने ११. विभाग अन्तर्गत सञ्चालित आयोजना तथा कार्यक्रमहरूको सञ्चालनबाट वातावरणमा पर्न सक्ने प्रभावहरूको अध्ययन मूल्याङ्कन

रुद्रसिंह तामाङ
सहसचिव

सरिता दवाडी
सचिव

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
२०७४

	गर्न चाहिने आधारहरू एवं म्यानुयल तयार गर्ने तथा आयोजनाबाट पेश हुन आएका प्रारम्भिक वातावरण परीक्षण तथा वातावरण प्रभाव मूल्याङ्कन प्रतिवेदनहरूको चेक जाँच गर्ने र स्वीकृतिको लागि सिफारिस साथ पेश गर्ने । १२. जलवायु परिवर्तनबाट जलस्रोतमा पर्नसक्ने नकारात्मक प्रभावहरूको न्यूनीकरणका लागि र सकारात्मक प्रभावको उपयोगका लागि प्रभावकारी उपायहरू अध्ययन पहिचान गरी कार्यान्वयनमा ल्याउन तर्फ पहल गर्ने । १३. विभाग अन्तर्गतको सम्पूर्ण मेशिनरी, सवारी साधनहरूको व्यवस्थापन गर्ने । १४. महाशाखा अन्तर्गतका शाखाहरू बीच समन्वय गर्ने/गराउने।
२.१ नदी व्यवस्थापन शाखा	१. नदी व्यवस्थापन आयोजनाहरूको विकासको निमित्त आवश्यक नीति नियमको मस्यौदा तर्जुमा गरी महाशाखा प्रमुख समक्ष पेश गर्ने। २. नदी व्यवस्थापन आयोजनाहरूको कार्यान्वयनको सिलसिलामा आवश्यक बजेटको व्यवस्थापनको लागि विभागको योजना, कार्यक्रम तथा समन्वय महाशाखाका साथै सरोकारवालाहरूसँग छलफल तथा समन्वय गर्ने। ३. विभाग अन्तर्गत सञ्चालन हुन सक्ने नदी व्यस्थापन आयोजनाहरूको पहिचान गर्ने, पहिचान प्रतिवेदन तयार गरी महाशाखा प्रमुख समक्ष पेश गर्ने। ४. नदी व्यवस्थापन आयोजनाहरूलाई डिजाइन, नक्साङ्कन, लागत अनुमान तयारीको लागि आवश्यक सहयोग गर्ने। ५. विभाग अन्तर्गत सञ्चालित नदी व्यवस्थापन आयोजनाहरूको कार्य सम्पादन व्यवस्थापन सम्बन्धित कार्यहरू गर्ने, सुपरिवेक्षण, अनुगमन तथा निर्माणगुणस्तर नियन्त्रण सम्बन्धी कार्यहरू गर्ने। अनुगमन प्रतिवेदन महाशाखा प्रमुख समक्ष पेश गर्ने। ६. नदी व्यवस्थापन आयोजना तथा सम्बन्धित संरचनाहरूको योजना तथा डिजाइनको निमित्त आवश्यक स्टेण्डर्डस, नर्मस तथा आधारहरूको म्यानुअल तयार गर्न योजना, कार्यक्रम तथा समन्वय महाशाखालाई सुझाव दिने। ७. अध्ययनका क्रममा रहेका नदी व्यवस्थापन आयोजनाहरू लागि आवश्यक सहयोग गर्ने।

रुद्रसिंह तामाङ
सहसचिव

सरिता दवाडी
सचिव

	८. विभाग अन्तर्गत निर्माणाधिन नदी व्यवस्थापन आयोजनाहरू एवं कार्यक्रमहरूको कार्य सम्पादन व्यवस्थापन सम्बन्धित कार्यहरू गर्ने। आयोजनाहरूको निर्माण पूर्व, निर्माण अवधि तथा निर्माण सम्पन्न पश्चात् आवश्यक सम्बन्धित कार्यगत सुपरिवेक्षण, रेखदेख गर्ने, आवश्यक निर्देशन दिने, गुणस्तर नियन्त्रण गर्ने/गराउने। आयोजना सम्पन्न भए लगतै आयोजना सम्पन्न प्रतिबेदन तयार गर्ने/गर्न लगाउने। ९. आवश्यकतानुसार अन्य तोकिएको कार्यहरू गर्ने ।
२.२ जलाधार तथा जैविक इन्जिनियरिङ शाखा	१. विभाग अन्तर्गत संचालनमा हुने जलाधार व्यवस्थापन सम्बन्धित दीर्घकालिन तथा अल्पकालिन गुरुयोजना एवं रणनीति तर्जुमा गरी योजना, कार्यक्रम तथा समन्वय महाशाखालाई उपलब्ध गराउने। २. विभाग अन्तर्गत सञ्चालित जलाधार व्यवस्थापन आयोजना तथा कार्यक्रमहरूको कार्यान्व्यनको लागि आवश्यक बजेट व्यवस्थापन गर्न विभागको योजना, कार्यक्रम तथा समन्वय महाशाखाका साथै सरोकारवालाहरूसँग छलफल तथा समन्वय गर्ने । ३. विभाग अन्तर्गत संचालन हुने जलाधार व्यवस्थापन आयोजना तथा कार्यक्रमहरूसँग सम्बन्धित संरचनाहरूको योजना तथा डिजाइनको निमित्त आवश्यक स्टेण्डर्डस, नर्मस् तथा आधारहरूको म्यानुयल तयार गर्न योजना, कार्यक्रम तथा समन्वय महाशाखालाई सुझाव दिने । ४. विभागबाट संचालन हुने जलाधार व्यवस्थापन आयोजनाहरूको पहिचान गर्ने तथा पहिचान प्रतिवेदन तयार गर्ने । ५. अध्ययनका क्रममा रहेका जलाधार व्यवस्थापन आयोजनाहरूको लागि आवश्यक सुझाव दिने । ६. जलाधार व्यवस्थापन गर्न अल्पकालीन र दीर्घकालीन रुपमा बायोइञ्जिनियरीङ्ग लगायतका उचित संरचनात्मक तथा गैर संरचनात्मक उपायहरू अवलम्बन गर्ने गरी आयोजना तयारी गर्ने गराउने । ७. पहिरो, भूक्षय र गेग्रान बहावको रोकथाम सम्बन्धित कार्यमा मोडेल साइट्स सञ्चालन गर्ने तथा नयाँ प्रविधिको विकास गर्ने तर्फ आवश्यक कार्य गर्ने ।
२.३ वातावरण तथा विपद व्यवस्थापन शाखा	१. जल उत्पन्न प्रकोप न्यूनीकरण, उद्धार तथा पुनर्स्थापना सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वियन गर्ने।

रुद्रसिंह तामाङ
सहसचिव

सरिता दवाडी
सचिव

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
२०७४

	२. जल उत्पन्न प्रकोपका जोखिम क्षेत्रहरूको पहिचान, अध्ययन तथा मूल्याङ्कन गर्ने। ३. प्रकोप व्यवस्थापनका लागि सरकारी, स्थानीय तथा गैरसरकारी निकायहरूसँग समन्वय गर्ने। ४. आपतकालीन उद्धार तथा पूर्वतयारीका लागि आवश्यक उपकरण, सामग्री तथा स्रोत व्यवस्थापन गर्ने। ५. विपद जोखिम न्यूनीकरण तथा पूर्वसावधानी सम्बन्धित जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने। ६. बाढी, डुबान, पहिरो तथा नदी कटानबाट हुने क्षति न्यूनीकरणका लागि आपतकालीन व्यवस्थापन गर्ने। ७. आपतकालीन कार्य सञ्चालनका लागि कार्यविधि तथा मापदण्ड तयार गर्ने। ८. आपत्कालीन उद्धार तथा पूर्व सावधानीका लागि आबश्यक देखिएका उपकरण तथा सरसामानको समयमै व्यवस्था गर्ने । ९. आपतकालीन उद्धार तथा जनस्तरमा अपनाउनुपर्ने सावधानीका लागि चेतनामूलक कार्यक्रमको आयोजना, सरसामग्रीको उत्पादन तथा प्रचारप्रसार सम्बन्धित प्रयास गर्ने। १०. विपद व्यवस्थापन सम्बन्धित वार्षिक कार्यक्रम, योजना तथा प्रगति प्रतिवेदन तयार गर्ने। ११. गृह मन्त्रालय तथा अन्य सरोकारवाला निकायहरूसँग समन्वय गरी विपद व्यवस्थापन कार्य सञ्चालन गर्ने। १२. जल उत्पन्न प्रकोपको आपतकालीन व्यवस्थापन सम्बन्धित अन्य तोकिएका कार्यहरू सम्पादन गर्ने। १३. विभाग अन्तर्गत सञ्चालित आयोजना तथा कार्यक्रमहरूको सञ्चालनबाट वातावरणमा पर्न सक्ने प्रभावहरूको अध्ययन मूल्याङ्कन गर्न चाहिने आधारहरू एवं म्यानुयल तयार गर्ने तथा आयोजनाबाट पेश हुन आएका प्रारम्भिक वातावरण परीक्षण तथा वातावरण प्रभाव मूल्याङ्कन प्रतिवेदनहरूको चेकजाँच गर्ने र स्वीकृतिको लागि सिफारिस साथ पेश गर्ने । १४. जलवायु परिवर्तनबाट जलस्रोतमा पर्नसक्ने नकारात्मक प्रभावहरूको न्यूनीकरणका लागि र सकारात्मक प्रभावको उपयोगका लागि

रुद्रसिंह तामाङ
सहसचिव

सरिता दवाडी
सचिव

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
२०७४

	प्रभावकारी उपायहरू अध्ययन पहिचान गरी कार्यान्वयनमा ल्याउन तर्फ पहल गर्ने ।
२.४ यान्त्रिक व्यवस्थापन शाखा	१. विभाग र मातहतका विभिन्न निकायमा रहेका सवारी साधन, मेशिन, औजार तथा उपकरणहरूको, खरिद, मर्मतसंभार तथा व्यवस्थापन गर्ने। २. विभाग अन्तर्गतका आयोजनाहरू, निकायहरू र विभागमा भएका यान्त्रिक उपकरण तथा सवारी साधनहरूको अभिलेख राख्ने, मर्मत संभारको व्यवस्था गर्ने साथै चालु हालतमा राख्न आवश्यक व्यवस्था मिलाउने। ३. यान्त्रिक उपकरणहरू तथा सवारी साधन सञ्चालन गर्न कार्यक्रम तथा बजेटको तर्जुमा गर्ने र निर्धारित ढाँचामा समयमै कार्यक्रम, प्रगति सम्बन्धित महाशाखा प्रमुखको सिफारिससहित योजना, कार्यक्रम तथा समन्वय महाशाखामा पठाउने। ४. आवश्यकता अनुसार महाशाखा प्रमुखको निर्देशन बमोजिम अन्य तोकिएका कार्यहरू गर्ने।
३. भूमिगत जल तथा भौगर्भिक महाशाखा	१. भूमिगत जल सिँचाइ विकासको निमित्त आवश्यक नीति नियमको मस्यौदा तर्जुमा गर्ने गराउने तथा स्वीकृतिको लागि महानिर्देशक समक्ष पेश गर्ने। २. भूमिगत जल सिँचाइ आयोजनाहरू र पहिरो व्यवस्थापन आयोजनाहरूको पहिचान गर्ने, पहिचान प्रतिवेदन तयार गरी महानिर्देशक समक्ष पेश गर्ने। ३. भुमिगत जल सिँचाइ तथा पहिरो व्यवस्थापन आयोजनाहरूलाई डिजाइन, नक्साङ्कन, लागत अनुमान तयारीको लागि आवश्यक सहयोग गर्ने तथा यस सम्बन्धी प्राप्त प्रतिवेदनहरूको चेकजाँच सम्बन्धी कार्यहरू गर्ने। ४. इन्जिनियरिङ भौगर्भिक अध्ययन तथा जटिल प्रकृतिको पहिरो व्यवस्थापन सम्बन्धी नीति, कार्यविधि तथा प्राविधिक म्यानुल तयार गरी महानिर्देशक समक्ष पेश गर्ने। ५. विभिन्न जलस्रोत आयोजनाहरूको प्राविधिक प्रतिवेदनमा इन्जिनियरिङ भौगर्भिक क्षेत्र तर्फको कार्य क्षेत्र निर्धारण तथा प्राप्त प्रतिवेदनमा चेकजाँच गरी राय सुझाव दिने।

रुद्रसिंह तामाङ
सहसचिव

सरिता दवाडी
सचिव

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
२०७४

	६. विभाग अन्तर्गत सञ्चालित भूमिगत सिँचाइ आयोजना तथा पहिरो व्यवस्थापन आयोजनाहरूको कार्य सम्पादन व्यवस्थापन सम्बन्धित कार्यहरू गर्ने। आयोजनाहरूको अनुगमन तथा सुपरिवेक्षण, रेखदेख गर्ने, आवश्यक निर्देशन दिने, गुणस्तर नियन्त्रण गर्ने गराउने तथा अनुगमन प्रतिवेदन योजना तथा अनुगमन शाखाको प्रयोजनको निम्ति उपलव्ध गराउने। ७. विभाग अन्तर्गत सञ्चालन हुने वा भइरहेका अन्य आयोजनाहरूको स्वीकृत कार्यक्षेत्र भित्रको पहिरो व्यवस्थापनको लागि आवश्यकता अनुसार प्राविधिक सहयोग गर्ने। ८. महाशाखा अन्तर्गतका कार्यक्रमहरूको बार्षिक कार्यक्रम तथा प्रगति विवरण तयार गर्ने कार्यमा सहयोग गर्ने। ९. भूमिगत जलको सन्तुलित उपयोग सम्बन्धी नीतिनियम, नर्म्स तयारीमा सहयोग पुऱ्याउने। १०. महाशाखा अन्तर्गतका शाखाहरू बीच समन्वय गर्ने/गराउने।
३.१ भुमिगत जल सिँचाइ शाखा	१. राष्ट्रिय स्तरमा भूमिगत जलको सम्भाव्यता एवम् उपयोगको वस्तुस्थिति बारे नियमित रूपमा अध्ययन गरी क्षेत्रगत तथा प्रादेशिकरूपमा प्रतिवेदन तयार गर्ने। २. विभाग अन्तर्गतका ठूला सिँचाइ आयोजनाको सिंचित क्षेत्रभित्र संयोजनात्मक प्रयोग (Conjunctive Use) को लागि भूमिगत जलस्रोतको अध्ययन गरी आयोजनागत रूपमा उपयुक्त मोडालिटी तयार गर्ने। ३. भूमिगत जलस्रोत आयोजना तथा कार्यक्रमहरूको कार्यान्वयनको सिलसिलामा आवश्यक बजेटको व्यवस्थापनको लागि विभागको योजना तथा समन्वय महाशाखाका साथै सरोकारवालाहरूसँग छलफल तथा समन्वय गर्ने। ४. भुमिगत जल क्षेत्र तथा सम्बन्धित संरचनाहरूको योजना तथा डिजाइनको निमित्त आवश्यक स्टेण्डर्डस्, नर्मस् तथा आधारहरूको म्यानुयल तयार गर्न योजना तथा समन्वय महाशाखालाई सुझाव दिने। ५. विभागबाट सञ्चालन हुन सक्ने भूमिगत जल सिँचाइ आयोजनाहरूको पहिचान गर्ने। ६. विभाग अन्तर्गत सञ्चालित भूमिगत जलस्रोत आयोजना तथा कार्यक्रमहरूको कार्य सम्पादन व्यवस्थापन सम्बन्धित कार्यहरू गर्ने,

रुद्रसिंह तामाङ
सहसचिव

सरिता दवाडी
सचिव

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
२०७४

	सुपरिवेक्षण,अनुगमन तथा निर्माणगुणस्तर नियन्त्रण सम्बन्धी कार्यहरू गर्ने। अनुगमन प्रतिवेदन महाशाखा प्रमुख समक्ष पेश गर्ने। ७. सिँचाइको लागि प्रयोग हुने भूमिगत जलस्रोत र भूमिगत जल प्रदूषण सम्बन्धित आवश्यक मापदण्ड तयार गर्ने। ८. भूमिगत जलको पुनःभरण (Recharge) तथा उपयोग संवन्धमा विभिन्न निकायहरू वीच हुने विवाद समाधानमा सहजीकरण गर्ने। ९. अन्य भूमिगत जल विकास विषयसँग सम्बन्धित भूमिगत जल प्रयोग गर्ने विभिन्न निकाय वीच समन्वय गर्ने। १०. भूमिगत जलस्रोत बिकास सम्बन्धित तोकिएका अन्य कार्य गर्ने।
३.२ भुमिगत जल संरक्षण तथा पुनर्भरण शाखा	१. भूमिगत जलस्रोतको अध्ययन, अनुसन्धान तथा मूल्याङ्कन गर्ने। २. भूमिगत जल संरक्षण तथा दिगो उपयोग सम्बन्धित नीति, योजना र कार्यक्रम तर्जुमा गर्ने। ३. भूमिगत जलको मात्रा, गुणस्तर तथा उपयोगको नियमित अनुगमन गर्ने। भूमिगत जल पुनर्भरण (Recharge) सम्बन्धित आयोजना तथा कार्यक्रम सञ्चालन गर्ने। ४. भूजल दोहन तथा उपयोगसम्बन्धित मापदण्ड र निर्देशिका तयार तथा कार्यान्वयन गर्ने। ५. वर्षा जल सङ्कलन तथा कृत्रिम पुनर्भरण प्रविधिको प्रवर्द्धन गर्ने। ६. भूमिगत जल प्रदूषण नियन्त्रण तथा संरक्षणका उपायहरू कार्यान्वयन गर्ने। ७. सङ्घ, प्रदेश, स्थानीय तह तथा सरोकारवाला निकायहरूसँग समन्वय गर्ने। ८. भूमिगत जल संरक्षण तथा पुनर्भरण सम्बन्धित जनचेतना, क्षमता विकास तथा प्राविधिक सहयोग प्रदान गर्ने। ९. शाखासम्बन्धित वार्षिक कार्यक्रम, प्रगति प्रतिवेदन तथा अन्य तोकिएका कार्यहरू सम्पादन गर्ने।
३.३ भौगर्भिक तथा पहिरो व्यवस्थापन शाखा	१. विभिन्न जलस्रोत आयोजनाहरूको प्राविधिक प्रतिवेदनमा इन्जिनियरिङ भौगर्भिक क्षेत्र तर्फको कार्य क्षेत्र निर्धारण मापदण्ड तयार गर्ने। २. आयोजनाको कार्यक्षेत्र अन्तर्गत वा अन्यत्र विशेष प्रकृतिका भौगर्भिक अध्ययन गर्नु पर्ने भएमा सोमा इन्जिनियरिङ भौगर्भिक अध्ययन गर्ने गराउने।

रुद्रसिंह तामाङ
सहसचिव

सरिता दवाडी
सचिव

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
२०७४

३. इन्जिनियरिङ भौगर्भिक क्षेत्र तथा सम्बन्धित संरचनाहरूको डिजाइनको निमित्त आवश्यक मापदण्ड, नर्मस तथा आधारहरूको म्यानुयल तयार गर्न योजना तथा समन्वय महाशाखालाई सुझाव दिने।

४. इन्जिनियरिङ भौगर्भिक नक्शा (Engineering Geological Mapping) तयार गरी कार्यान्व्यनमा ल्याउने सम्बन्धी आवश्यक कार्य गर्ने।

५. विभाग अन्तर्गत सञ्चालन हुने वा सञ्चालित आयोजनाहरूको आयोजना प्रतिवेदन तथा विस्तृत डिजाइन, नक्साङ्कन र लागत अनुमान स्वीकृतिको क्रममा भौगर्भिक विषयमा आवश्यक राय सुझाव उपलव्ध गराउने तथा चेकजाँच गर्ने।

६. इन्जिनियरिङ भौगर्भिक अध्ययन एवम् विश्लेषणबाट प्राप्त नतिजाको उपयोगको लागि विभाग वाहेक नेपाल सरकारका अन्य निकायबाट माग भएमा आवश्यक समन्वयको व्यवस्था मिलाउने र एकीकृत रूपमा योजना तर्जुमा गर्न सहयोग पुर्याउने।

७. इन्जिनियरिङ भौगर्भिक अध्ययनको लागि विकसित नयाँ प्रविधिको पहिचान तथा प्रयोग गर्ने कार्यमा सहयोग पुऱ्याउने।

८. इन्जिनियरिङ भौगर्भिक विषयसँग सम्बन्धित सूचना सङ्कलन एवम् अध्यावधिक गर्ने।

९. भौगर्भिक अध्ययन सम्बन्धित तोकिएका अन्य कार्यहरू गर्ने।

१०. ठूला प्रकृतिका पहिरो प्रभावित क्षेत्रको गुरुयोजना तथा आवश्यक मापदण्ड तयार गर्ने।

११. पहिरोबाट प्रभावित यस्ता क्षेत्रका वर्गीकृत जोखिम नक्शा तयार गरी उच्च तथा मध्यम जोखिमयुक्त क्षेत्रहरूमा सो सम्बन्धित सूचना सर्वसुलभ गराउने।

१२. विभाग अन्तर्गत सञ्चालनमा हुने पहिरो व्यवस्थापन सम्बन्धित दीर्घकालिन तथा अल्पकालिन गुरुयोजना एवं रणनीति तर्जुमा गरी योजना, कार्यक्रम तथा समन्वय महाशाखालाई उपलब्ध गराउने।

१३. विभाग अन्तर्गत सञ्चालित पहिरो व्यवस्थापन आयोजना तथा कार्यक्रमहरूको कार्यान्वयनको लागि आवश्यक बजेट व्यवस्थापन गर्न विभागको योजना तथा समन्वय महाशाखाका साथै सरोकारवालाहरूसँग छलफल तथा समन्वय गर्ने।

१४. विभाग अन्तर्गत सञ्चालन हुने पहिरो व्यवस्थापन आयोजना तथा कार्यक्रमहरूसँग सम्बन्धित संरचनाहरूको योजना तथा डिजाइनको

रुद्रसिंह तामाङ
सहसचिव

सरिता दवाडी
सचिव

	निमित्त आवश्यक स्टेण्डर्डस, नर्मस् तथा आधारहरूको म्यानुयल तयार गर्न योजना तथा समन्वय महाशाखालाई सुझाव दिने। १५. विभाग अन्तर्गत सञ्चालन हुन सक्ने पहिरो व्यवस्थापन आयोजनाको पहिचान गर्ने। पहिचान प्रतिवेदन महाशाखा प्रमुख समक्ष पेश गर्ने। १६. विभाग अन्तर्गत अध्ययन भइरहेका पहिरो व्यवस्थापन आयोजनाहरूको लागि आवश्यक राय सुझाव प्रदान गर्ने। १७. विभाग अन्तर्गत सञ्चालित पहिरो व्यवस्थापन आयोजना तथा कार्यक्रमहरूको कार्य सम्पादन व्यवस्थापन सम्बन्धित कार्यहरू गर्ने। आयोजनाहरूको निर्माण पूर्व, निर्माण अवधि तथा निर्माण सम्पन्न भए पछि आवश्यक सम्बन्धित कार्यगत सुपरिवेक्षण, रेखदेख गर्ने, आवश्यक निर्देशन दिने, गुणस्तर नियन्त्रण गर्ने/गराउने। आयोजना सम्पन्न भए लगतै आयोजना सम्पन्न प्रतिबेदन तयार गर्ने/गर्न लगाउने। अनुगमन प्रतिवेदन तथा कार्य सम्पन्न प्रतिवेदन महाशाखा प्रमुख समक्ष पेश गर्ने। १८. भौगोलिक सूचना प्रणाली (GIS) तथा Remote Sensing प्रविधिको प्रयोग गरी पहिरो नियन्त्रण सूचना प्रणालीको विकास गर्ने। १९. ठूला पहिरो आयोजना तथा कार्यक्रमसँग सम्बन्धित तथ्याङ्कहरू तथ्याङ्क तथा सम्पत्ति व्यवस्थापन शाखालाई उपलव्ध गराउने। २०. पहिरो व्यवस्थापन सम्बन्धित तोकिएको अन्य कार्यहरू गर्ने।
४. सिँचाइ व्यवस्थापन महाशाखा	१. निर्माण सम्पन्न भै व्यवस्थापनमा रहेका सिँचाइ प्रणालीहरूको व्यवस्थापन तथा सुदृढीकरण कार्यका लागि जनशक्ति, बजेट आदिको व्यवस्था मिलाउने र खेत स्तरसम्म सिँचाइ व्यवस्थापन कार्यको अनुगमन, मुल्याङ्कन गर्ने/गराउने। २. खेत स्तरसम्म सिँचाइ व्यवस्थापनको लागि आवश्यक नीति, निर्देशिका, कानून, नियमावली तथा कार्यविधि तयार गरी महानिर्देशक समक्ष पेश गर्ने। ३. सिँचाइको दिगो विकासका लागि निर्माण सम्पन्नभै व्यवस्थापनमा रहेका ठूला सिँचाइ प्रणालीहरूका जल उपभोक्ताहरूको क्षमता अभिवृद्धि (संस्थागत विकास) का लागि आवश्यक तालिमको पहिचान, तालिम सामाग्रीहरूको विकास तथा तालिम सञ्चालन गर्ने/गराउने।

रुद्रसिंह तामाङ
सहसचिव

सरिता दवाडी
सचिव

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
नेपाल सरकार
२०७४

	४. निर्माण सम्पन्न भई व्यवस्थापनमा रहेकासिँचाइ प्रणालीहरू पूर्णरूपमा अथवा आंशिक रूपमा उपर्युक्त विधि अपनाई सम्बन्धित उपभोक्ता संस्थाहरूलाई व्यवस्थापन हस्तान्तरण सम्बन्धी कार्य गर्ने/गराउने। ५. राष्ट्रिय तथा अन्तरराष्ट्रिय पानी व्यवस्थापनसँग सम्बन्धित सङ्घ संस्थाहरूसँग समन्वय गरी कार्य गर्ने/गराउने। ६. विभाग अन्तर्गतका आयोजना तथा कार्यक्रमहरू सम्बन्धित अभिलेख तथा सम्पत्ति व्यवस्थापन गर्ने/गराउने। ७. महाशाखा अन्तर्गतका शाखाहरू बीच समन्वय गर्ने /गराउने।
४.१ प्रणाली व्यवस्थापन तथा मर्मत सम्भार शाखा	१. निर्माण सम्पन्न भै व्यवस्थापनमा रहेका सिँचाइ प्रणालीहरूको मर्मत संभार, सुदृढीकरण तथा जल व्यवस्थापन सम्बन्धित योजना, नीति, नियम, निर्देशिका तयार गरी महाशाखा प्रमुख समक्ष पेश गर्ने। २. निर्माण सम्पन्न भै व्यवस्थापनमा रहेका सिँचाइ प्रणालीको सम्पादन स्तरमा वृद्धि ल्याउन मर्मत संभार तथा सञ्चालन सम्बन्धित सम्पुर्ण कार्य गर्ने/गराउने, वार्षिक कार्यक्रम र बजेट तर्जूमा गरी योजना कार्यक्रम तथा अनुगमन शाखालाई उपलव्ध गर्ने/गराउने। ३. सरकारी स्तरमा सञ्चालित सिँचाइ आयोजनाहरूलाई उपभोक्ता कृषकहरूमा पूर्ण वा आंशिक रूपमा हस्तान्तरण गर्न सिँचाइ व्यवस्थापन हस्तान्तरण कार्यक्रम तर्जुमा गर्ने र कार्यक्रम सञ्चालन, अनुगमन तथा मूल्याङ्कन गर्ने/गराउने। ४. निर्माण सम्पन्न भएका सिँचाइ प्रणालीहरूको व्यवस्थापनको लागि निजिक्षेत्रको संलग्नता सम्वन्धी आवश्यक मापदण्ड तयार गर्ने। ५. निर्माण सम्पन्न भइ व्यवस्थापन मा रहेका सिँचाइ प्रणालीहरू व्यवस्थापन सम्बन्धित नवीनतम प्रविधिसहित कार्यक्रम प्रस्ताव तयार गरी कार्यान्वयन गर्ने/गराउने। ६. राष्ट्रिय तथा अन्तरराष्ट्रिय पानी व्यवस्थापनसँग सम्बन्धित सङ्घ संस्थाहरूसँग समन्वय गरी कार्य गर्ने/गराउने। ७. कृषिसँग सम्बन्धित निकायहरूसँग समन्वय गर्ने तथा कार्यक्रम कार्यान्वयन गर्ने। ८. सिँचाइ प्रणाली तथा जल व्यवस्थापन सम्बन्धित अन्य कार्यहरू गर्ने।
४.२ स्मार्ट सिँचाइ तथा जल उपयोग दक्षता शाखा	१. स्मार्ट सिँचाइ प्रविधि (Automation, Sensor, IoT आदि) को अध्ययन, विकास तथा प्रवर्द्धन गर्ने।

रुद्रसिंह तामाङ
सहसचिव

सरिता दवाडी
सचिव

	२. जल उपयोग दक्षता अभिवृद्धि सम्बन्धित नीति, मापदण्ड, निर्देशिका तथा कार्यविधि तर्जुमा गर्ने। ३. आधुनिक तथा पानी बचत गर्ने सिँचाइ प्रणाली (ड्रिप, स्प्रिंकलर, माइक्रो इरिगेशन आदि) को प्रवर्द्धन गर्ने। ४. सिँचाइ प्रणालीको कार्यसम्पादन तथा जल उपयोग दक्षताको अनुगमन र मूल्याङ्कन गर्ने। ५. जल माग तथा आपूर्तिको विश्लेषण गरी प्रभावकारी जल व्यवस्थापन योजना तयार गर्ने। ६. सूचना तथा सञ्चार प्रविधिमा आधारित सिँचाइ व्यवस्थापन प्रणालीको विकास र कार्यान्वयन गर्ने। ७. कृषिमा जल उत्पादकत्व वृद्धि तथा पानीको अपव्यय न्यूनीकरणका कार्यक्रम सञ्चालन गर्ने। ८. स्मार्ट सिँचाइ प्रविधिसम्बन्धित अनुसन्धान, नवप्रवर्तन तथा पाइलट परियोजना सञ्चालन गर्ने। ९. किसान, उपभोक्ता संस्था तथा सरोकारवालाहरूको क्षमता विकास र प्राविधिक सहयोग प्रदान गर्ने। १०. शाखा सम्बन्धित वार्षिक योजना, कार्यक्रम, प्रगति प्रतिवेदन तथा अन्य तोकिएका कार्यहरू सम्पादन गर्ने।
४.३ सामाजिक विकास, संस्थागत विकास तथा लैंगिक शाखा	१. जल उपभोक्ता संस्था, सिँचाइ व्यवस्थापन हस्तान्तरण (IMT), सहभागितामूलक सिँचाइ व्यवस्थापन, सामाजिक विकास, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI), अनैच्छिक पुनर्वास, व्यावसायिक स्वास्थ्य तथा सुरक्षा (OHS) लगायतका विषयमा नीति, रणनीति, निर्देशिका, कार्यविधि, मापदण्ड तथा सञ्चालन ढाँचा तर्जुमा, परिमार्जन तथा कार्यान्वयन गर्ने/गराउने। २. जल उपभोक्ता संस्थाको गठन, दर्ता, पुनर्गठन, सञ्चालन, विधान, विनियम, सङ्गठनात्मक संरचना तथा संस्थागत सुशासन सम्बन्धित व्यवस्था विकास तथा कार्यान्वयनमा सहजीकरण गर्ने/गराउने। ३. सरकारी तथा निर्माण सम्पन्न सिँचाइ प्रणालीहरूको दिगो सञ्चालन, व्यवस्थापन तथा सिँचाइ व्यवस्थापन हस्तान्तरण प्रक्रियालाई प्रभावकारी बनाउन आवश्यक संस्थागत विकास तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने/गराउने।

रुद्रसिंह तामाङ
सहसचिव

सरिता दवाडी
सचिव

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
२०७४

	४. निर्माणाधीन तथा सञ्चालनमा रहेका सिँचाइ प्रणालीहरूमा जल उपभोक्ता संस्था गठन, परिचालन, सुदृढीकरण तथा व्यवस्थापन क्षमताको विकास गर्ने/गराउने।
	५. जल उपभोक्ता संस्थाको संस्थागत कार्यसम्पादन मूल्याङ्कन, सुदृढीकरण तथा उत्कृष्ट संस्थाको छनोट, मूल्याङ्कन र प्रोत्साहन सम्बन्धित प्रणाली विकास तथा कार्यान्वयन गर्ने/गराउने।
	६. विभाग, मातहतका कार्यालय तथा जल उपभोक्ता संस्थाहरूको संस्थागत क्षमता आवश्यकता पहिचान (ICNA) तथा तालिम आवश्यकता पहिचान (TNA) गरी सोका आधारमा क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने/गराउने।
	७. संस्थागत विकास, नेतृत्व विकास, सुशासन, आर्थिक तथा सम्पत्ति व्यवस्थापन, दिगो सिँचाइ व्यवस्थापन, सञ्चालन तथा मर्मत सम्भार, एकीकृत कृषि तथा जल व्यवस्थापन, कृषि यान्त्रिकीकरण, उत्पादन तथा बजारिकरण लगायतका विषयमा तालिम, अध्ययन सामग्री, म्यानुअल तथा ज्ञान सामग्री विकास, अद्यावधिक तथा कार्यान्वयन गर्ने/गराउने।
	८. विभागीय तथा क्षेत्रीय स्तरमा गोष्ठी, सेमिनार, कार्यशाला, अन्तरक्रिया, अध्ययन भ्रमण, अनुभव आदानप्रदान तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने/गराउने।
	९. जल उपभोक्ता संस्था तथा सरोकारवालाहरूलाई सूचना तथा सञ्चार प्रविधि, डिजिटल प्रणाली तथा नवीन व्यवस्थापकीय अभ्यासहरूको उपयोगमा सक्षम बनाउन आवश्यक कार्यक्रम सञ्चालन गर्ने/गराउने।
	१०. विभाग तथा मातहतका निकायबाट सञ्चालित नीति, योजना, कार्यक्रम तथा आयोजनाहरूमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) लाई मूलप्रवाहीकरण गर्न आवश्यक सहजीकरण तथा प्राविधिक सहयोग प्रदान गर्ने/गराउने।
	११. जल उपभोक्ता संस्था तथा सिँचाइ व्यवस्थापन प्रक्रियामा महिला, दलित, जनजाति, मधेसी, अपाङ्गता भएका व्यक्ति, विपन्न तथा अन्य सीमान्तकृत समुदायहरूको अर्थपूर्ण, समानुपातिक तथा समावेशी सहभागिता सुनिश्चित गर्ने/गराउने।
	१२. महिला तथा युवाको नेतृत्व विकास, निर्णय प्रक्रियामा सहभागिता अभिवृद्धि तथा सशक्तीकरणका कार्यक्रम सञ्चालन गर्ने/गराउने।

रुद्रसिंह तामाङ
सहसचिव

सरिता दवाडी
सचिव

	१३. लैङ्गिक उत्तरदायी बजेट (GRB), GESI Audit, GESI Assessment तथा सामाजिक समावेशीकरण सम्बन्धित अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्ने/गराउने। १४. आयोजना तथा कार्यक्रमहरूमा समुदायको सहभागिता, स्वामित्व, सामाजिक उत्तरदायित्व तथा जवाफदेहिताको अभिवृद्धि गर्न समुदाय परिचालन, सरोकारवाला परामर्श तथा सामाजिक सचेतना कार्यक्रम सञ्चालन गर्ने/गराउने। १५. सार्वजनिक सुनुवाइ, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सामाजिक लेखापरीक्षण तथा अन्य सामाजिक उत्तरदायित्व सम्बन्धित कार्यक्रम सञ्चालन तथा सहजीकरण गर्ने/गराउने। १६. आयोजना तथा सिँचाइ प्रणालीहरूमा गुनासो व्यवस्थापन प्रणाली (Grievance Redress Mechanism) विकास तथा सञ्चालन गर्ने/गराउने र विवाद व्यवस्थापन तथा सहजीकरणमा सहयोग पुऱ्याउने। १७. कार्यस्थल तथा समुदायमा हुने विभेद, दुर्व्यवहार, लैङ्गिक हिंसा तथा बहिष्करण न्यूनीकरण गर्न आवश्यक नीति, संयन्त्र तथा कार्यक्रम सञ्चालन गर्ने/गराउने। १८. संस्थागत विकास, सामाजिक विकास तथा GESI सम्बन्धित सूचक विकास, अनुगमन, मूल्याङ्कन, तथ्याङ्क व्यवस्थापन, अभिलेखीकरण तथा प्रतिवेदन प्रणाली विकास तथा सञ्चालन गर्ने/गराउने। १९. शाखाको कार्यक्षेत्रसँग सम्बन्धित अध्ययन, अनुसन्धान, ज्ञान व्यवस्थापन, प्रकाशन, सूचना तथा प्रचार-प्रसार सामग्री विकास, उत्पादन तथा वितरण गर्ने/गराउने। २०. विभाग तथा मन्त्रालयबाट प्रत्यायोजित संस्थागत विकास, सामाजिक विकास तथा GESI सम्बन्धित अन्य कार्यहरू सम्पादन गर्ने/गराउने।
४.४ सूचना प्रणाली व्यवस्थापन शाखा	१. विभाग अन्तर्गत सञ्चालित आयोजना, कार्यक्रम तथा निकायहरूबाट प्राप्त अनुगमन एवं मूल्याङ्कन प्रतिवेदनका आधारमा सूचना पद्धती अद्यावधिक राख्ने। २. जलस्रोत तथा सिँचाइ क्षेत्रको विकास एवं व्यवस्थापनको लागि यस क्षेत्रसँग सम्बन्धित सूचना सङ्कलन, भण्डारण र व्यवस्थापन गरी भौगोलिक व्यवस्थापकीय सूचना प्रणाली (Geographic Management Information System)/विद्युतिय अभिलेख व्यवस्थापन प्रणाली

रुद्रसिंह तामाङ
सहसचिव

सरिता दवाडी
सचिव

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
नेपाल सरकार
२०७४

	(Electronic Document Management System) को विकास एवं उपयोग गर्ने, गराउने। ३. व्यवस्थापकीय सूचना प्रणालीको लागि प्रबिधि, तथा क्षमता अभिवृद्धि कार्यक्रम गर्ने। ४. सुचना व्यवस्थापन गर्न आवश्यक सफ्टवयर निर्माण तथा सञ्चालन गर्ने तथा प्राप्त सुचनाको आधारमा प्रतिवेदन तयार गर्ने। ५. विभाग अन्तर्गत आयोजनाहरूको सम्पत्ति अभिलेखङ्कन तथा व्यवस्थापन सम्बन्धित कार्य योजना बनाउने तथा सम्पादन गर्ने। ६. सिंचित क्षेत्र, जल उपभोक्ता संस्था तथा कृषि प्रसार आदिको अभिलेख तथा सूचना अध्यावधिक गर्ने। ७. विभाग अन्तर्गतका आयोजनाहरूको संरचनाहरूको सम्पति विवरण राख्ने तथा सम्पति व्यवस्थापन योजना (Asset Management Plan) तयार गर्ने/गराउने। ८. विभागको website सञ्चालन, परिमार्जन र अद्यावधिक गर्ने। ९. विभाग अन्तर्गत सञ्चालनमा रहेका हेडवर्क्स तथा अन्य संरचनाका software हरू सङ्कलन, भण्डारण र परिमार्जनसहित installation / operation का कार्य गर्ने। १०. माथि उल्लेखित कार्यहरू सम्पादन गर्न योजना, कार्यक्रम तथा समन्वय महाशाखासँग समेत समन्वय गरी कार्य गर्ने।
५. प्रशासन शाखा	१. कर्मचारीहरूको आवश्यक पर्ने सङ्ख्या एकीन गरी दरबन्दी सिर्जना गर्ने, कटौती गर्ने र सालवसाली अभिलेख तयार गर्ने। २. कर्मचारीहरूको सरुवा, बढुवा, नियुक्ति, काज, सजाय, प्रोत्साहन पुरस्कार, तक्मा, अवकाश तथा हाजिरी, विदा र पदस्थापन आदि सम्बन्धमा आवश्यक व्यवस्था गर्ने। ३. अधिकृत कर्मचारी र अन्य कर्मचारीहरू बीच समन्वय ल्याई नियन्त्रण र मूल्याङ्कनमा नीतिगत निर्णय लिई विकास निर्माणको काममा प्रगति गराउन समन्वय गर्ने। ४. पुस्तकालयको रेखदेख, नियन्त्रण तथा व्यवस्थापनको व्यवस्था मिलाउने। पुस्तकालय व्यवस्थापन प्रणाली (Library Management System) को माध्यमद्वारा पुस्तकालयको सञ्चालन गर्ने।

रुद्रसिंह तामाङ
सहसचिव

सरिता दवाडी
सचिव

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
नेपाल सरकार

	५. कर्मचारीहरूका कार्यसम्पादन मूल्याङ्कन फारम निर्दिष्ट ढाँचामा समय भित्र सङ्कलन तथा सम्बन्धित महाशाखा/शाखामा पेश गर्ने तथा यसको गोप्यता कायम गर्न आवश्यक पहल गर्ने। ६. कार्यालयको प्रशासनिक कामको दैनिक विवरण तयार पारी निरीक्षणको आधारमा अधिकार पालन गर्ने, गराउने तथा महत्वपूर्ण कागजातहरू सुरक्षित राख्ने व्यवस्था गर्ने। ७. कर्मचारीहरूको अध्ययन, तालिम, वैदेशिक भ्रमण/अवलोकन आदिको अभिलेख अध्यावधिक राख्ने। ८. विभागमा परेका उजुरी सम्बन्धमा तथा सरोकारवाला निकायहरूबाट छानबिनको लागि अनुरोध भई आएका उजुरीहरूको सम्बन्धमा प्रारम्भिक कार्वाही चलाउने। ९. आयोजना कार्यान्वयन समूहमा पदाधिकार रहने कर्मचारीहरूको व्यवस्थापन गर्ने। १०. विभाग र अन्तर्गत आयोजनामा कार्य गर्ने विदेशी कामदारहरूको लागि कार्य सहमति, श्रम इजाजत तथा गैरपर्यटकीय भिषाका लागि मन्त्रालयमा सिफरिस पठाउने। ११. विभाग र अन्तर्गत निकायहरूको सङ्गठन संरचना र दरबन्दी पुनरावलोकन गर्नु पर्ने भएमा मस्यौदा तयार गरी महानिर्देशक समक्ष पेश गर्ने। १२. अन्य निकायहरूबाट माग भएको विवरणहरू मन्त्रालय मार्फत पठाउने व्यवस्था मिलाउने। १३. आवश्यकता अनुसार अन्य तोकिएका कार्यहरू गर्ने।
६. आर्थिक प्रशासन शाखा	१. विभागको आर्थिक प्रशासन सम्बन्धित दैनिक कार्यहरू गर्ने। २. विभागका महाशाखा तथा शाखाहरूलाई आवश्यकता अनुसार आर्थिक प्रशासन सम्बन्धित राय, सल्लाह उपलब्ध गराउने। ३. सार्वजनिक खरिद लगायत विभिन्न प्रयोजनको लागि गठित समितिको सदस्य भई कार्य गर्ने। ४. प्रशासन शाखासँग समन्वय गरी कर्मचारीहरूको औषधी उपचारको रकमको व्यवस्था गर्ने र निवृत्तिभरण तथा उपदान सम्बन्धित काम गर्ने । ५. विकास बजेटको तर्जुमा गर्न सहयोग पुर्याउने तथा रकमान्तरको व्यवस्था गर्ने।

रुद्रसिंह तामाङ
सहसचिव

सरिता दवाडी
सचिव

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
२०७४

	६. विभागको साधारण बजेट तर्जुमा गर्ने अर्थ मन्त्रालयबाट स्वीकृत ढाँचा बमोजिमको विवरण तयार गर्ने गराउने। ७. विभाग तथा अन्य निकायमा पठाउनुपर्ने लेखा सम्बन्धित सबै किसिमका मासिक, पाक्षिक आदि प्रतिवेदनहरू तयार गरी पठाउने र अन्तर्गत निकायहरूको समेत सोही अनुसार पठाउन लगाउने। ८. आन्तरिक लेखा परीक्षक वा अन्तिम लेखा चेक जाँचबाट उठेका बेरुजु फछ्र्यौट गर्ने/गराउने। ९. वैदेशिक ऋणबाट सञ्चालित आयोजनाहरूले दातृसंस्थालाई पेश गर्नु पर्ने विवरणहरू तथा लेखा चेकजाँचको प्रमाणपत्रहरू समयमै तयार गर्न लगाई पेश गर्न लगाउने र शोधभर्ना सम्बन्धित हिसाब मिलान भए नभएको रेखदेख गर्ने। १०. विभागको साधारण बजेट खाता एंव धरौटी खाता प्रमुख लेखा नियन्त्रक/लेखा अधिकृत वा लेखापाल मध्ये एक र महानिर्देशक वा निजले तोकेको अधिकृतको संयुक्त दस्तखतबाट सञ्चालन गरी विभागका कर्मचारीहरूलाई तलब, भत्ता वितरण गर्ने, मसलन्द इन्धन लगायतका प्राप्त बिलहरू भुक्तानी गर्ने, लेखा राख्ने, आ.ले.प., म.ले.प गराउने, समसामयिक प्रतिबेदन गर्ने। ११. प्रत्येक आ.व.को अन्त्यसम्मको आर्थिक विवरण आगामी आ.व.को पहिलो चौमासिक भित्र तयार गरी महानिर्देशक समक्ष पेश गर्ने। १२. वैदेशिक अनुदान तथा ऋणको निकासा फुकुवाको कारवाही अर्थ मंत्रालय र म.ले.नि.का बाट गर्ने गराउने। १३. विभाग अन्तर्गतका आयोजना/कार्यालयहरूको अस्थाइ दरवन्दि व्यवस्थापनमा राय परामर्श दिने। १४. विभाग र अन्तर्गतका लेखा सम्बन्धित अन्य सम्पूर्ण कार्यहरू गर्ने। १५. आवश्यकता अनुसार अन्य तोकिएका कार्यहरू गर्ने।
७ कानुन शाखा	१. जलस्रोत सम्बन्धित आवश्यक नीति, ऐन, नियमावली, निर्देशिका तर्जुमा गर्दा आवश्यक राय सुझाव दिने। २. विभाग अन्तर्गत सञ्चालित आयोजना/कार्यालयहरूलाई खरिद सम्बन्धमा आवश्यक कानुनी राय, सुझाव र सल्लाह दिने। ३. विभाग अन्तर्गत सञ्चालित आयोजना/कार्यालयहरू बाट हुने ठेक्कामा आउने विवाद, दाबी, मध्यस्थता आदी कार्यहरूमा आवश्यक कानुनी राय, सुझाव र सल्लाह दिने तथा काम कारवाही गर्ने।

रुद्रसिंह तामाङ
सहसचिव

सरिता दवाडी
सचिव

	४. विभिन्न प्रयोजनको लागि गठित समितिहरूको सदस्य भई आवश्यक कार्य गर्ने। ५. विभाग र अन्तर्गतका कार्यालयहरूबाट गरिने अन्तराष्ट्रिय सम्झौता, करार वा अन्य कागजातहरूको मस्यौदा तयार गर्न सम्बन्धित महाशाखासँग समन्वय राखी मद्दत गर्ने। ६. जलस्रोत तथा सिँचाइसँग सम्बन्धित विभिन्न ऐन, नियमहरू लगायत अन्य डकुमेण्टहरूको अनुवाद गर्ने व्यवस्था मिलाउने। ७. आवश्यकता अनुसार अन्य तोकिएका कार्यहरू गर्ने।
८ आयोजना कार्यान्वयन निर्देशनालय	१. विभाग अन्तर्गतका वैदेशिक सहायतामा संचालित आयोजनाबाट प्राप्त वार्षिक कार्यक्रम परीक्षण गरी स्वीकृतिका लागि पेश गर्ने तथा बजेट व्यवस्थापनका लागि योजना तथा समन्वय महाशाखासँग समन्वय गर्ने २. विभाग अन्तर्गतका वैदेशिक सहायतामा संचालित नयाँ आयोजना/योजना स्वीकृतिका लागि सम्बन्धित निकायसँग समन्वय गरी आवश्यक कार्य गर्ने ३. वैदेशिक सहायता तथा दातृ संस्थासँग समन्वय गरी आयोजना तर्जुमा गर्ने ४. विभाग अन्तर्गतका वैदेशिक सहायतामा संचालित आयोजनाहरूको प्रगति प्रतिवेदन तयार गर्ने तथा समीक्षा बैठक सञ्चालन गर्ने ५. विभाग अन्तर्गतका वैदेशिक सहायतामा संचालित आयोजना तथा कार्यक्रमको भौतिक, आर्थिक, सामाजिक तथा वातावरणीय अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास गर्ने ६. साबिकको सिंचाइ आधुनिकीकरण अभिवृद्धि आयोजना र साबिकको प्राथमिकता प्राप्त नदी बेसिन बाढी जोखिम व्यवस्थापन आयोजनाको इकाई प्रमुखको रूपमा कार्य गर्ने ७. विभाग अन्तर्गतका वैदेशिक सहायतामा संचालित आयोजनाहरूको खरिद सम्बन्धी सम्पूर्ण कार्यमा समन्वय र सहजीकरण गर्ने ८. विभाग अन्तर्गतका वैदेशिक सहायतामा संचालित आयोजनाहरूको समयवद्ध अनुगमन र मूल्यांकन गर्ने

रुद्रसिंह तामाङ
सहसचिव

सरिता दवाडी
सचिव